संघीय संसद सचिवालय

## सभामुख पदको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

(प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७ बमोजिम प्रतिनिधि सभाको सभामुख पदको निर्वाचन मिति २०७९ माघ ५ गते बिहीबार बिहान ११:०० बजे गर्ने गरी माननीय जेष्ठ सदस्यले निर्वाचनको मिति र समय निर्धारण गर्नु भएकोले सोही नियमावलीको नियम ७ को उपनियम (१) बमोजिम निर्वाचन कार्यक्रम प्रकाशन गरिएको छ :-

| क्र.सं. | कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १. | प्रतिनिधि सभाको बैठकमा प्रतिनिधि सभाका कुनै मा० सदस्यलाई सभामुख पदमा निर्वाचित गरियोस् भनी प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७ को उपनियम (२) बमोजिम प्रस्तावको सूचना दर्ता गर्ने । | २०७९ माघ ४ गते | दिनको १:०० बजे देखि दिनको ४:०० बजेसम्म । | ल्होत्से हल, संघीय संसद भवन, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर । |
| २. | निर्धारित समय भित्र दर्ता भएका उम्मेदवारीको सूचनाको दर्ता क्रमानुसार सूची प्रकाशन गर्ने । | २०७९ माघ ४ गते | दिनको ४:१५ बजे । | सूचना पाटी, संघीय संसद भवन, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर । |
| ३. | प्रतिनिधि सभाको बैठकमा सभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तावकले प्रस्ताव गर्ने र समर्थकले समर्थन गर्ने, उम्मेदवारीको सूचनामाथि सामुहिक रुपमा छलफल हुने र दर्ता क्रमानुसार निर्णयार्थ प्रस्तुत गर्ने । | २०७९ माघ ५ गते | बिहान ११:०० बजे प्रारम्भ हुने प्रतिनिधि सभाको बैठकमा । | प्रतिनिधि सभा कक्ष, संघीय संसद भवन, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर । |

(डा० भरतराज गौतम)
संघीय संसदको महासचिव

मिति : २०७९ माघ ३ गते

नोटः प्रस्तावित उम्मेदवार माननीय सदस्यको एकप्रति फोटो र नेपाली नागरिकताको प्रतिलिपि संलग्न हुनु पर्नेछ ।